# प्रदेश राजपत्र

**गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ०७) पोखरा, वैशाख १५ गते, २०८१ साल (अतिरिक्ताङ्क ०३**


## भाग २

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०८१

**प्रस्तावना:** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०८१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>गण्डकी प्रदेश नीति तथा योजना आयोग ( गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ३ मा संशोधन:</u>** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश ,२०७८ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्:-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष

(ग) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(घ) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुई जना - सदस्य

(ङ) प्रदेश सचिव, अर्थ हेर्ने सम्बन्धित मन्त्रालय - सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य- सचिव"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) उपदफा (२) को खण्ड (ख) र (घ) बमोजिम उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्वन्धी विषय विज्ञ मध्येबाट नियुक्ति गरिनेछ।"

३. **<u>मूल आदेशको दफा ९ मा संशोधन:</u>** मूल आदेशको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ:-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारका मन्त्रीहरु -सदस्य

(ग) प्रदेश सभामा संसदीय दलका नेताहरु -सदस्य

(घ) प्रदेश सभामा समितिका सभापतिहरु -सदस्य

(ङ) राष्ट्रिय योजना आयोगका गण्डकी प्रदेश हेर्ने सदस्य -सदस्य

(च) प्रमुख सचिव -सदस्य

(छ) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष -सदस्य

(ज) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरु - सदस्य

(झ) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरु एघार जना - सदस्य

(ञ) प्रदेश मन्त्रालयका सचिवहरु -सदस्य

(ट) प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष वा प्रमुख/उपप्रमुख मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको तिनिधित्व हुने गरी प्रदेश सरकारबाट मनोनित ३३ जना - सदस्य

(ठ) प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनित २० जना - सदस्य

(ड) आयोगका सचिव -सदस्य-सचिव"

४. **<u>मूल आदेशको दफा १० मा संशोधन</u>:** मूल आदेशको दफा १० को उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राखिएका छन्:-

"(४) परिषद्को बैठकका निर्णयहरु अध्यक्षबाट प्रमाणित हुनेछ।

(५) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।"

आज्ञाले,

यमुना प्रधान

प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-